आज मिति २०८१ साल जेष्ठ १७ गते विहीवारका दिन दिउसो २.०० बजे यस नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको २३ औ बैठक बस्यो ।

तपसिल

| क.स | पद | नाम ,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थिति |
| २ | उप प्रमुख | श्री बिजय कृष्ण श्रेष्ठ | उपस्थिति |
| ३ | का.बा वडा अध्यक्ष,वडा नं.१ | श्री कान्छा राम द्वारे | अनुउपस्थिति |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | उपस्थिति |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्ण हरी आर्चाय | उपस्थिति |
| ६ | का.बा वडा अध्यक्ष,वडा नं.४ | श्री मदन कृष्ण ख्या श्रेष्ठ | उपस्थिति |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बालकृष्ण श्रेष्ठ | उपस्थिति |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञान दाश प्रजापति | उपस्थिति |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | उपस्थिति |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | उपस्थिति |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानु काजी राजबहाक | उपस्थिति |
| १२ | कार्यपालिका सदस्य | श्री सरस्वती खड्का | उपस्थिति |
| १३ | कार्यपालिका सदस्य | श्री सिता विश्वकर्मा | उपस्थिति |
| १४ | कार्यपालिका सदस्य | श्री शर्मिला विश्वकर्मा | उपस्थिति |
| १५ | कार्यपालिका सदस्य | श्री उजला थापा श्रेष्ठ | उपस्थिति |
| १६ | कार्यपालिका सदस्य | श्री तुईल माया चक्रधर | उपस्थिति |
| १७ | कार्यपालिका सदस्य | श्री सरोज परियार | उपस्थिति |
| १८ | कार्यपालिका सदस्य | श्री जसे सार्की | उपस्थिति |
| १९ | कार्यपालिका सदस्य | श्री बालकृष्ण परियार | उपस्थिति |
| २० | सदस्य–सचिव | श्री राम बहादुर के.सी | उपस्थिति |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | महाशाखा प्रमुख | श्री केशब सिलवाल | उपस्थिति |
| २ | महाशाखा प्रमुख | श्री सत्य नारायण साह | उपस्थिति |
| ३ | महाशाखा प्रमुख | श्री ज्ञानेन्द्र प्रसाद भट्ट | उपस्थिति |
| ४ | महाशाखा प्रमुख | श्री तुल्शी भक्त तको | उपस्थिति |
| ५ | ब.ले.अ | श्री सुमित्रा पौडेल | उपस्थिति |
| ६ | अ.छैठो | श्री कृष्ण सुन्दर थापा मगर | उपस्थिति |
| ७ | ब. कम्प्युटर सहायक | श्री सन्दिप प्रजापति | उपस्थिति |
| ८ | सहायक स्तर चौथो | श्री श्रृजना श्रेष्ठ | उपस्थिति |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३



१. २. ९

२०८१।२।१८

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

छलफलका विषयहरुः
१.आर्थिक बर्ष २०८१।२०८२ को नीति तथा कार्यक्रम र वजेट तर्जुमा सम्वन्धमा ।
२.व्यवस्थित जग्गा विकास सम्वन्धित सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report) सम्वन्धमा ।
३. विविध ।

निर्णय नं :-१

आर्थिक बर्ष २०८१।२०८२ को लागि प्रत्येक वडालाई रु.२,०१,००००० ।( दुई करोड एक लाख मात्र) वजेट सिलिंग तोक्ने निर्णय गरियो ।

निर्णय नं :-२

यस नगरपालिका क्षेत्र भित्र गरिने व्यवस्थित जग्गा विकास सम्वन्धित सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report) उपर छलफल गरियो ।

निर्णय नं :-३

मध्यपुर थिमि नगरपालिका वडा नं ३ गट्ठाघर स्थित कृषि विकास बचत तथा ऋृण सहकारी संस्था लिमिटेडलाई समस्या ग्रस्त धोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं :-४

मध्यपुर थिमि नगरपालिका वडा नं ३ गट्ठाघर स्थित कृषि विकास बचत तथा ऋृण सहकारी संस्था लिमिटेड लगायत अन्य सहकारी संस्थाको समस्या ग्रस्त समस्यालाई समाधान गर्न व्यवस्थापन समितिलाई राय ,सुझाव दिन सहकारी , वित्तिय , कानून विज्ञहरु रहेको परामर्शदाता संग सेवा खरिद गर्ने निर्णय गरियो

निर्णय नं :-५

यस नगरपालिका क्षेत्र भित्रका रजिष्टेशन हुने लिखतहरुमा र मुल्य खुलाउन पर्ने अन्य लिखतहरुमा थैली कायम गर्न आ.ब २०८०।२०८१ को निर्धारित दरलाई नै कायम गर्न श्री भुमि सुधार तथा मालपोत कार्यालय भक्तपुरमा लेखी पठाउने निर्णय गरियो ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७२



२०८१/२/१६
राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं :-६

यस नगरपालिका वडा नं ४ मिति २०८०।१२।२५ निर्णय सिफारिस अनुसार सोही वडाको लागि वडास्तरीय वजेट फोहोर व्यवस्थापन( २२५२२) मा विनियोजित रु. ६ लाख मध्येवाट ४,५०,०००। (चारलाख पचास हजार मात्र) बालप्रेमी मा.विमा व्लक छपाई गर्ने शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं :-७

यस नगरपालिका स्थापनाकाल देखी नै वडा नं ६ को स्वास्थ्य चौकी रहेको भवनमा रही प्रशासनिक कार्य संचालन हुदै आएकोमा भवनको अपर्याप्त र जम्मा क्षेत्रफल नापी नक्शा बमोजिम ८२२. ६९ ब.मी रहेको हालको स्थानमा नयां भवन निर्माण गर्न जग्गाको कारण सम्भव नभएकोले यस नगरपालिका वडा नं ५ स्थित कमेरोटार जग्गा एकिकरण आयोजना संचालित रहेको स्थानको व्यक्तिका निजी जग्गाहरु क्रमशः सरोज प्रजापति र सुर्य नारायण प्रजापति केदार श्रेष्ठ विमला कुमारी यादवका नाममा रहेका, सिट नं ९।१०२-११९०-१४ कि.नं १० को क्षे.फ ८० ब.मी , कि.नं ११ को १०६ ब.मी , कि.नं १२ को क्षे.फ १०५.१८ जग्गा प्राप्ती ऐन २०३४ बमोजिम जग्गा प्रकिया अगाडी बढाउन मिति २०८०।०६।१ मा संघिय मामीला तथा सामान्य प्रशासन मन्त्रालयमा यस नगरपालिकाबाट लेखी पठाईएकोमा प्रशासनिक भवन निर्माण प्रयोजनका लागि जग्गा प्राप्ती गर्न जग्गा प्राप्ती ऐन २०३४ को दफा ३ (क) बमोजिम नेपाल सरकार,मन्त्रिपरिषदको मिति २०८०।०८।२८ को जग्गा प्राप्तीको सहमति प्रदान गर्ने सम्बन्धि निर्णय संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं २३० मिति २०८०।०९।०२ को पत्रबाट प्राप्त भएको । सो जग्गा प्राप्ति सम्बन्धी प्रारम्भिक कारवाहीको प्रतिवेदनमा यस नगरपालिका, भक्तपुरको वडा नं. ५ कमेरोटार जग्गा एकीकरण आयोजना भित्रको सिट.नं. ९/१०२-११९०-१४ कि.नं. १० क्षेत्रफल ८०.०० वर्ग मिटर, ऐ.ऐ. कि.नं. ११ क्षेत्रफल १०६.९७ वर्ग मिटर र ऐ.ऐ. कि.नं. १२ क्षेत्रफल १०५.१८ वर्ग मिटर गरी जम्मा २९२.१५ वर्गमिटर क्षेत्रफल कायम भएको जग्गा मध्यपुर थिमि नगरपालिका, भक्तपुरको प्रशासनिक भवन निर्माण गर्ने प्रयोजनको लागि उपयुक्त देखिएको भनी उल्लेख भएको । जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ (२) बमोजिम मुआब्जा रकम निर्धारण गर्न मिति २०८०/११/२० गते बसेको मुआब्जा रकम निर्धारण समितिको निर्णय बमोजिम जिल्ला प्रशासन कर्यालय भक्तपुर को च.नं ४३४६ मिति : २०८०/११/२० को पत्रबाट उक्त जग्गा भएको क्षेत्रको मूल्य दररेट कमेरोटार जग्गा एकीकरण आयोजनाबाट माग गरिएको।माग बमोजिम सो उक्त आयोजनाको च.नं.१३७ मिति २०८०/११/२२ गतेको पत्रबाट मध्यपुर थिमि नगरपालिका वडा नं. ५ (साविक वडा नं.९) नापी नक्सा सिट नं. १०२-११९०-१४ कि.नं.१०,११ र १२ जग्गाको मूल्यको सम्बन्धमा सो जग्गाको वरिपरी क्षेत्रभित्रको आयोजना



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

२०८१/१/१६
राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

व्यवस्थापन उपसमितिको मिति २०७९/११/१५ गतेको निर्णय अनुसार उक्त आयोजनाको नाउँमा रहेको विकि प्लट मध्यपुर थिमि नगरपालिका वडा नं. ५ (साविक वडा नं.९) नापी नक्सा सिट १०२-११९०-१५ कि.नं. ७८ को प्रति आना मूल्य रु. ५५,००,०००/- (पचपन्न लाख) को दर रेट पेश गरेको देखियो। जिल्ला प्रशासन कार्यालय भक्तपुरमा मुआब्जा रकम निर्धारण समिति मिति २०८१/२/१३ को बैठकबाट मध्यपुर थिमि नगरपालिका वडा नं. ५ (साविक वडा नं.९) नापी नक्सा सिट नं. १०२-११९०-१४ कि.नं.१०,११ र १२ जग्गाको मूल्य आयोजनाले निर्धारण गरेको मूल्य प्रति आना रु. ५५,००,०००/- (पचपन्न लाख) नै निर्धारण गर्ने निर्णय सहित जिल्ला प्रशासन कार्यालय भक्तपुरको मितिः २०८१ /०२/१३ को पत्रबाट लेखि आएकोले सोही बमोजिम उक्त जग्गाहरु खरिद गरि कानुन बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं :-८

यस नगरपालिका वडा नं ४ स्थित तहांधो संगैको गणेश मन्दिर पुन निर्माणको लागि पितलको बाहिरको तोरण, भित्रको तोरण र था, गजुर माला , झण्डाहरुको दररेट नभएकोले देहाय बमोजिमको दररेट स्विकृत गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं | पितलको सामाग्री | थान | unit | दर भ्याट बाहेक |
|---|---|---|---|---|
| १ | बाहिरको तोरण ४'x२' (Heavy Carving on 18 Gauga Brass ) | १ | no | १,४०,०००। ( एक लाख चालिस हजार मात्र ) |
| २ | भित्रको तोरण र था १५"x९"&१५"x७" (Heavy Carving on 18 Gauga Brass ) | १ | no | ८५,०००। ( पचासी हजार मात्र ) |
| ३ | गजुर माला ३६"x४" ( 18 Guage Brass with Carving ) | १ | no | २०,०००। ( बिस हजार मात्र ) |
| ४ | झण्डा ३९"x १०" (18 Guage Brass ) | १ | no | ७५,००। ( सात हज़ार पाच सय मात्र ) |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

२०८१।२।१६

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत